आज मिति २०७५ साल असार ९ गते शनिवारका दिन यस तीनपाटन गाउँपालिका गाउँकार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री कर्ण बहादुर मगर ज्यू को अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी तपसिलका प्रस्ताव-हरुमाथी छलफल गरीयो ।

उपस्थिति

१. श्री कर्ण बहादुर मगर - अध्यक्ष
२. श्री पदममाया तामाङ - सदस्य
३. श्री गोविन्द बहादुर राउत - "
४. श्री हेम बहादुर श्रेष्ठ - "
५. श्री लाल बहादुर स्याङ्तान - "
६. श्री खड्ग बहादुर सुजेल - "
७. श्री दिनेश कुमार रसाँली - "
८. श्री वीर बहादुर पुलामी - "
९. श्री कोमल बहादुर खपाङ्गी - "
१०. श्री रेवराज अधिकारी - "
११. श्री शेर बहादुर मगर - "
१२. श्री रुद्रहरि सुजेल - "
१३. श्री हिरालाल श्रेष्ठ - "
१४. श्री जगदिश्वर तोलाङ्गी - "
१५. श्री दूधकुमारी थकुरी - "
१६. श्री देवमाया श्रेष्ठ - "
१७. श्री टेक बहादुर परीयार - "
१८. श्री भगवती कुमारी श्रेष्ठ - "
१९. श्री गीतामाया थापा मगर - "
२०. श्री सुरेन्द्र प्रधान - सदस्य सचिव
२१. श्री मिलनी बहादुर खड्का - का.सु.
२२. श्री तारानाथ अधिकारी - कार्यालय सहयोगी
२३. श्री चान्द्रिका थापा - " "

## प्रस्ताव तथा निर्णयहरु

गाउँपालिका
गाउँपालिकाको कार्यालय
...टार, सिन्धुली
३ नं. प्रदेश, नेपाल
२०७३

प्रस्ताव नं. (१) ढुंगा, गिट्टी, बालुवा ठेक्का लगाउने सम्बन्धमा ।

निर्णय :- प्रस्तुत प्रस्ताब माथी छलफल गर्दा यस गाउँपालिका भित्र रही वातावरणीय परीक्षण सम्पन्न भई सकेका खोला नालाबाट ढुंगा, गिट्टी बालुवा उत्खनन् कार्यको लागि न्युनतम् रु. २०,००,०००।- ~~पच्चीस~~ बिस लाख बाट बढाबढमा ठेक्का लगाउने निर्णय गरियो ।

प्रस्ताव नं. (२) माछा ठेक्का लगाउने सम्बन्धमा ।

निर्णय:- प्रस्तुत प्रस्ताब माथी छलफल गर्दा तपशीलमा उल्लेखित खोला-नालाहरु बाट माछा मार्नको लागि न्यूनतम् रु १००,०००।- एक लाखमा बढाबढमा मिति २०७५ श्रावण महिनादेखि लागु हुने गरी ठेक्का लगाउने निर्णय गरियो ।

तपशील

(क) जिर्मोहा खोला
(ख) चदाहा खोला
(ग) तांभुर खोला
(घ) भालु खोला
(ङ) बाक्सु खोला
(च) भुँगा खोला
(छ) बाङरिङ खोला
(ज) हाडी खोला

प्रस्ताव नं. ३ राहत रकम सम्बन्धमा ।

निर्णय:- प्रस्तुत प्रस्ताब माथी छलफल गर्दा यस गाउपालिका भित्र स्थायी बसोबास गर्ने व्यक्तिहरुलाई दैवि प्रकोप परेमा तपशील बमोजिमको राहत रकम ०७५ साल श्रावण १ देखि लागु हुने गरी उपलब्ध गराउने निर्णय गरियो साथै चट्याङबाट भएको क्षति ०७५ साल असार १ गतेबाटै लागु हुने गरी उपलब्ध गराउने निर्णय समेत गरियो ।

मानविय क्षेती - रु. २५,०००।-
चौपाया क्षेती
भैसी/रांगा - रु १०,०००।-
गाई/गोरु - रु. ५०००।-
खसी/बाख्रा - रु. १०००।-
घर क्षति - रु. १०,०००।-
गोठ क्षति - रु ५०००।-
घाईते भएमा - रु ५०००।-

गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिन्धुली
३ नं. प्रदेश, नेपाल
२०७३

प्रस्ताव नं. ४ आर्थिक ऐन २०७५ सम्बन्धमा ।

निर्णय:- प्रस्तुत प्रस्ताव माथी छलफल गर्दा आ.व. ०७५।०७६ मा लागु हुने गरी राजस्व परामर्श समितिबाट तयार भई आएको तपसिल बमोजिमको कर दस्तुर अनुमोदन गरी स्वीकृतिका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

तपसिल

१. धनहर तर्फको मालपोत :

| मालपोत | अवल | | दोयम | | सिम | | चाहर | |
|---|---|---|---|---|---|---|---|---|
| आ.व. | आ. व. २०७५ | ०७६ | आ. व. २०७५ | ०७६ | आ. व. २०७५ | ०७५ | आ. व. २०७५ | २०७६ |
| प्रति कठा | रु १२।- | | रु ११।- | | रु ८।- | | रु ६।- | |
| नोट : मालपोत रकम रु. १०।- भन्दा घटी हुने भए रु. १०।०० न्युनतम कायम गरिने छ । | | | | | | | | |

| मालपोत | अवल | | दोयम | | सिम | | चाहर | |
|---|---|---|---|---|---|---|---|---|
| आ.व. | आ व. २०७५ | २०७६ | आ व. २०७५ | २०७६ | आ व. २०७५ | २०७६ | आ व. २०७५ | २०७६ |
| प्रति रोपनी | रु. १३।- | | रु. १२।- | | रु. ११।- | | रु. ७।- | |
| नोट : मालपोत रकम रु. १०।- भन्दा घटी हुने भए रु. १०।०० न्युनतम कायम गरिने छ । | | | | | | | | |

२. भिठ तर्फको मालपोत

| मालपोत | अवल | | दोयम | | सिम | | चाहर | |
|---|---|---|---|---|---|---|---|---|
| आ.व. | आ. व. २०७५ | २०७६ | आ. व. २०७५ | २०७६ | आ. व. २०७५ | २०७६ | आ. व. २०७५ | २०७६ |
| प्रति कठा | रु. ११।- | | रु. ८।- | | रु. ६।- | | रु. ५।- | |
| नोट : मालपोत रकम रु. १०।- भन्दा घटी हुने भए रु. १०।०० न्युनतम कायम गरिने छ । | | | | | | | | |

| मालपोत | अवल | | दोयम | | सिम | | चाहर | |
|---|---|---|---|---|---|---|---|---|
| आ.व. | आ. व. २०७५ | २०७६ | आ. व. २०७५ | २०७६ | आ. व. २०७५ | २०७६ | आ. व. २०७५ | २०७६ |
| प्रति रोपनी | रु. १२।- | | रु. ९।- | | रु. ७।- | | रु. ६।- | |
| नोट : मालपोत रकम रु. १०।- भन्दा घटी हुने भए रु. १०।०० न्युनतम कायम गरिने छ । | | | | | | | | |

नोट : साविक गाउँ विकास समिति हुँदा बाँकी मालपोत एक पटकको लागि सार्वजनिक सुचना जारि गरी माथि उल्लेखित दरमा असुल गरिनेछ र त्यसपछि पनि असुल गर्न बाँकि मालपोत रकम बार्षिक १० % जरिवाना थप गरि असुल गरिनेछ ।

तीनपाटन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लम्पन्टार, सिन्धुली
३ नं. प्रदेश, नेपाल
२०७३

## घर जग्गा कर तर्फ :

| विवरण | १ देखि ९०० व.फि सम्म प्रतिघर | | ९०१ देखि १८०० व.फि. सम्म प्रतिघर | | १८०१ देखि २७०० व. फि सम्म प्रतिघर | | २७०१ देखि ३६०० व.फि.सम्म प्रतिघर | | ३६०१ देखि बढिको हकमा सोहि अनुपातमाव बृदि गरिने | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| आ.व. | २०७५ | २०७६ | २०७५ | २०७६ | २०७५ | २०७६ | २०७५ | २०७६ | २०७५ | २०७६ |
| कच्ची फुस घर | ३५।- | | ४५।- | | ५०।- | | ६०।- | | | |
| कच्ची खपडा घर | ८०।- | | १००।- | | १२०।- | | १५०।- | | | |
| काठको १ तल्ले जस्ता घर | १००।- | | १२०।- | | १५०।- | | १८०।- | | | |
| पक्की खपडा घर | १५०।- | | १७०।- | | २००।- | | २३०।- | | | |
| भुई तल्ले पक्किघर | २००।- | | २५०।- | | ३००।- | | ३३०।- | | | |
| पक्कि १तल्ले घर | २५०।- | | ३००।- | | ३५०।- | | ४००।- | | | |
| पक्कि २ तल्ले घर | ३००।- | | ३५०।- | | ४००।- | | ५००।- | | | |
| पक्कि ३ तल्ले घर | ३५०।- | | ४००।- | | ४५०।- | | ५५०।- | | | |
| पक्कि ४ तल्ले घर | ४००।- | | ४५०।- | | ५००।- | | ६००।- | | | |

## बहाल बिटौरी कर :

यस गाउँपालिका अन्तर्गत विभिन्न स्थानमा रहेका पसल बन्दोबस्तीको आ.व. २०७५।७६ मा प्रति पसल रु. ५००।- मात्र असुल उपर गरिनेछ ।

## व्यवसाय करको दररेट

| क्र.सं. | नं. | व्यवसायको नाम | हाल लिईरहेको | आ. व. २०७५/२०७६ को दर |
|---|---|---|---|---|
| १ | १.१ | चुरोट विक्रेता | | १०००।- |
| | १.२ | रक्सी | | |
| | | क. श्रेणी मदिरा कोक फेन्टा एजेन्सी | | १०००।- |
| | | ख.श्रेणी माछा मासु मदिरा पसल | | ५००।- |
| | १.३ | सुन चाँदि पसल | | |
| | | क. श्रेणी २ लाख भन्दा माथि | | १०००।- |
| | | ख. श्रेणी २ लाख सम्म | | ७००।- |
| | १.४ | भिडियो क्यासेट सिडि रेकर्डर तथा विक्रेता | | ५००।- |
| | २.१ | निर्माण सामाग्री पसल | | |
| | | क. श्रेणी २ लाख भन्दा माथि | | ७००।- |

तिनपाटन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लाम्पन्तदार, सिन्धुली
३ नं. प्रदेश, नेपाल
२०७३

| | | | | |
|---|---|---|---|---|
| | | ख. श्रेणी २ लाख सम्म | | ५००।- |
| | २.२ | हार्डवेयर फलाम इलेक्ट्रिक पसल | | |
| | | क. श्रेणी १ लाख भन्दा माथि | | ७००।- |
| | | ख. श्रेणी १ लाख सम्म | | ५००।- |
| | २.३. | कम्प्युटर टिभी मोबाइल क्यामेरा पसल | | ५५०।- |
| | २.४ | इलेक्ट्रिक पसल | | |
| | | क. श्रेणी ५० हजार भन्दा माथि | | ५००।- |
| | | ख. श्रेणी ५० हजार सम्म | | ३००।- |
| | २.५ | कार्पेट | | |
| २ | | क. श्रेणी १ लाख भन्दा माथि | | ६००।- |
| | | ख. श्रेणी १ लाख सम्म | | ५००।- |
| | २.६ | पेट्रोलीयम पदार्थ | | |
| | | क. श्रेणी डिजल मटितेल पेट्रोल मोविल | | १०००।- |
| | ३.१ | किराना पसल | | |
| | | क. श्रेणी १ लाख भन्दा माथि | | ५००।- |
| | | ख. श्रेणी १ लाख सम्म | | ३६०।- |
| | ३.२ | कपडा पसल | | |
| | | क. श्रेणी १ लाख भन्दा माथि | | १०००।- |
| | | ख. श्रेणी १ लाख सम्म | | ८००।- |
| | ३.३ | रेडिमेड कपडा पसल | | |
| | | क. श्रेणी १ लाख भन्दा माथि | | १०००।- |
| | | ख. श्रेणी १ लाख सम्म | | ८००।- |
| ३ | ३.४ | सवारी साधन बिक्रेता | | |
| | | क. श्रेणी ट्रयाक्टर बिक्रेता | | ३०००।- |
| | | ख. श्रेणी मोटरसाइकल बिक्रेता | | २०००।- |
| | ४.१ | विशेषज्ञ परामर्श तथा अन्य व्यवसायी | | |
| | | क. चिकित्सक कविराज दन्त चिकित्सक पशु चिकित्सक | | १०००।- |
| ४ | | ख. इन्जिनियर | | १०००।- |
| | | ग. कानून व्यवसायी पेशा | | ७००।- |
| | | घ. लेखा परिक्षक पेशा | | ६५०।- |
| | | ङ. विमा एजेन्ट पेशा | | ६५०।- |
| | | च. सर्भेयर अमिन पेशा | | ६५०।- |
| ५ | ५.१ | निर्माण व्यवसायी ठेकेदार | | २०००।- |
| ६ | ६.१ | उत्पादन मुलक उद्योग | | १०००।- |
| ७ | ७.१ | उर्जा मुलक उद्योग | | १०००।- |
| ८ | ८.१ | कृषि तथा वनजन्य उद्योग | | |
| | | क. श्रेणी सहमिल काठ चिरान | | २५००।- |
| | | ख. श्रेणी फर्निचर उद्योग | | १०००।- |
| | ८.२ | गल्ला भण्डार | | ५००।- |
| ९ | ९.१ | पर्यटन उद्योग | | |
| | | क. श्रेणी होटल लज सहितको | | १०००।- |
| | | ख. श्रेणी लज मात्र | | ९००।- |
| | | ग. होटल खाना खाने मात्र | | ७००।- |
| | | घ. रेष्टुरेन्ट एण्ड बार | | १५००।- |
| | | ङ. ट्राभल्स एजेन्सी | | १०००।- |
| १० | | सेवा शुल्क व्यवसाय | | |
| | १०.१ | छापाखाना प्रेस | | |
| | | क. श्रेणी १ लाख भन्दा माथि | | १०००।- |

| | | | | |
|---|---|---|---|---|
| | | ख. श्रेणी १ लाख सम्म | | ७००।- |
| | १०.२ | चलचित्र सिनेमा हल | | १५००।- |
| | १०.३ | फोटोकपी स्टुडियो | | |
| | | क. श्रेणी फोटोकपी मेशिन सहित | | ५००।- |
| | | ख. श्रेणी फोटो स्टुडियो | | ४००।- |
| ११ | ११.१ | क्रसर उद्योग | | २०००।- |
| १२ | १२.१ | संचार सेवा | | |
| | | क. छपाई तथा प्रकाशन | | ५००।- |
| | | ख. निजी क्षेत्रको टेलिफोन बुथ इन्टरनेट | | ७००।- |
| | | ग. निजी हुलाक कुरियर सेवा | | ३००।- |
| | १३.१ | वित्तीय सेवा | | |
| | | क. आर्थिक कारोबार गर्ने बैंक | | २०००।- |
| | | ख. वित्तीय संस्था | | १५००।- |
| | | ग. वीमा कम्पनी | | २०००।- |
| | | घ. सहकारी बैंक | | २०००।- |
| | १४.१ | स्वास्थ्य सेवा | | |
| | | क. गैर सरकारी अस्पताल | | १५००।- |
| | | ख. क्लिनिक तथा ल्याव | | ५००।- |
| | १५.१ | शिक्षा सेवा | | |
| | | क. निजी क्षेत्रका प्राथमिक विद्यालय | | १०००।- |
| | | ख. निजी क्षेत्रका माध्यमिक विद्यालय | | १५००।- |
| | | ग. तालिम तथा अनुसन्धान केन्द्र | | १०००।- |
| | १६.१ | मर्मत संभार सेवा | | |
| | | क. बस, ट्रक, टैक्टर मर्मत पसल | | ५००।- |
| | | ख. कार, जीप, टेम्पो मर्मत पसल | | ५००।- |
| | | ग. मोटरसाइकल मर्मत पसल | | ५००।- |
| | | घ. साइकल मर्मत पसल | | २००।- |
| | | ङ. रेडियो टिभी मर्मत पसल | | ५००।- |
| | | च. घडी मर्मत पसल | | २००।- |
| | | छ. प्रेशर कुकर ग्याँस चुल्हो मर्मत पसल | | २००।- |
| | | ज. विधुतीय सामान मर्मत पसल घर वायरिङ | | ५५०।- |
| | १७.१ | अन्य सेवा | | |
| | | क. विज्ञापन सेवा | | ३६०।- |
| | | ख. वैदेशिक रोजगार | | १०००।- |
| | | ग. स्वदेशी रोजगार | | ३६०।- |
| | १७.२ | सुचीकार दर्जी टेलर पसल | | |
| | | क. २ लाख भन्दा बढी मेसिन भएको | | ४००।- |
| | | ख. २ वटा सम्म मेशिन भएको | | ३६०।- |
| | १७.३ | हजाम पसल सैलुन | | |
| | | क. ब्युटीपार्लर पसल | | ३६०।- |
| | | ख. सैलुन हजाम पसल | | ३५०।- |
| | १७.४ | साइन बोर्ड बनाउने पेन्टर कलाकार | | ३६०।- |
| | १७.५ | मासु बिक्रेता पसल | | ५००।- |
| १७ | १७.६ | फुल तथा विरुवा विक्री पसल | | २००।- |
| | १७.७ | सीसा प्लाइ बोर्ड पसल | | |
| | | क. १ लाख भन्दा माथि | | ५००।- |
| | | ख. १ लाख सम्म | | ३००।- |
| | १७.८ | स्टील तथा काठ फर्निचर | | |
| | | क. १ लाख भन्दा माथि | | ५००।- |

| | | | | |
|---|---|---|---|---|
| | | ख. १ लाख सम्म | | ४५०।- |
| | १७.९ | भाडा बर्तन पसल | | |
| | | क. १ लाख भन्दा माथि | | ५००।- |
| | | ख. १ लाख सम्म | | ३५०।- |
| | १७.१० | खेलौना गिफट् उपहार पसल | | १००।- |
| १८ | १८.१ | जुत्ता चप्पल पसल | | |
| | | क. १ लाख भन्दा माथि | | ५००।- |
| | | ख. १ लाख सम्म | | ४००।- |
| १९ | १९.१ | जुत्ता बनाउने पसल | | २५०।- |
| २० | २०.१ | पुस्तक तथा स्टेशनरी पसल | | |
| | | क. १ लाख भन्दा माथि | | ५००।- |
| | | ख. १ लाख सम्म | | ३६०।- |
| २१ | २१.१ | औषधि पसल | | |
| | | क. १ लाख भन्दा माथि | | ८००।- |
| २२ | २२.१ | चश्मा पसल | | २००।- |
| २३ | २३.१ | फेन्सी पसल | | |
| | | क. थोक विक्रेता १ लाख भन्दा माथि | | ५००।- |
| | | ख. खुद्रा विक्रेता १ लाख सम्म | | ३००।- |
| २४ | २४.१ | मिठाइ पसल | | |
| | | क. ५० हजार भन्दा माथि | | ३००।- |
| | | ख. ५० हजार सम्म | | २००।- |
| २५ | २५.१ | लेथ तथा वेल्डीङ | | |
| | | क. लेथ तथा वेल्डीङको कार्य भएको | | ३००।- |
| | | ख. वेल्डीङको कार्य भएको | | २००।- |
| २६ | २६.१ | कृषि मलखाद किटनाशक पसल | | ५००।- |
| २७ | २७.१ | कुखुरा पालन पोल्ट्री फर्म | | १०००।- |
| २८ | २८.१ | खसी बंगुर पालन | | |
| | | क. १ लाख भन्दा माथि | | ५००।- |
| | | ख १ लाख सम्म | | ४००।- |
| २९ | २९.१ | च्युरा मुरी तथा सेलर मिल उद्योग | | |
| | | क. १ लाख भन्दा माथि | | ४००।- |
| | | ख. १ लाख सम्म | | ३००।- |
| ३० | ३०.१ | धान कुटने, आटा तथा मसला पिस्ने मिल | | |
| | | क. १ लाख भन्दा माथि | | ३५०।- |
| | | ख १ लाख सम्म | | ३००।- |
| | ३०.२ | तेल तथा मसला उद्योग | | |
| | | क. १ लाख भन्दा माथि | | ३५०।- |
| | | ख. १ लाख सम्म | | ३००।- |
| ३१ | ३१.१ | चिया नास्ता पसल | | |
| | | क. २५ हजार भन्दा माथि | | ३००।- |
| | | ख. २५ हजार सम्म | | २५०।- |
| ३२ | ३२.१ | मनि ट्रान्सफर | | ५००।- |
| ३३ | ३३.१ | ग्याँस सब डिलर | | ३००।- |
| ३४ | ३४.१ | गिटी बालुवा ढुगा स्टोक गरी बिक्री गर्ने | | ५००।- |

बसायिक कर दर्ताको समयमा नै वार्षिक उल्लेखित दर लागु गरिने छ।

गाँउपालिकाले आफनो क्षेत्रभित्र उत्पादन भई निकासी हुने उन, खोटो, जडिबुटी, बनकस, कवाडी माल, जीवित जन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिंङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरे वापत देहाय बमोजिमको जडिबुटी कवाडी र जीवजन्तु कर लाग्नेछ ।

(क) कागतजन्य सामग्रीको प्रति किलोग्राम रु. पचास पैसा

(ख) फलाम जन्य सामानका लागि प्रति किलोग्राम रु. एक

(ग) स्टीलजन्य सामानका लागि प्रति किलोग्राम रं एक

(घ) अन्यको हकमा प्रति किलोग्राम रु. एक

(ङ) निजी तथा सामुदायिक बन समूहबाट बेचिएका काठ दाउराको हकमा देहाय बमोजिम हुनेछ ।

| सि.नं. | नाम | ईकाइ | दर रु. मा |
|---|---|---|---|
| १. | बाँस | प्रति गोटा | २।- |
| २. | सिसौ, साल दाउरा (सम्वन्धित जिल्लाको वन कार्यालयको चलानीको आधारमा) | प्रति ट्रिप | ५,०००।- |
| ३. | अन्य दाउरा ( सम्वन्धित जिल्लाको वन कार्यालयको चलानीको आधारमा) | प्रति ट्रिप | २,५००।- |
| ४. | खयर तथा सालको गोलिया चिरान काठ | प्रति क्यू फिट | ५०।- |
| ५. | असना गोलीया चिरान | प्रति क्यू फिट | २५।- |

## सवारी कर

| सि.नं. | सवारीको किसिम | वार्षिक | पटके | विदेशी |
|---|---|---|---|---|
| १. | चेनवाला इस्काभेटर | १०,०००।- | | |
| २. | टायरवाला इस्काभेटर | ५,०००।- | | |
| ३. | ट्रक टिप्परबाट बालुवा गिटी ढुवानी गर्दा प्रति ट्रिप | | १००।- | १६०।- |
| ४. | बस, मिनी बस तथा हेभी सवारी | १,५००।- | ५०।- | १००।- |
| ५. | टेक्टर (ढुवानी गर्दा) लोड भएको | १०००।- | २०।- | ४०।- |
| ६. | जीप, कार, टेम्पो, टयाक्सी, हलुका सवारी | ५००।- | १०।- | १०।- |

## पंजिकरण तर्फको दस्तुर

व्यक्तिगत घटना ३५ दिन भित्र दर्ता गराउदा...........................................................रु. ०।००

सो भन्दा पछि.......................................................................................रु. २००।-

## विज्ञापन कर :

| सि.न. | विवरण | प्रतिवर्ग फुट रु. | वार्षिक |
|---|---|---|---|
| १. | मादक पदार्थ / धुम्रपान अर्न्तगत | | |
| | क. होडिङ्गबोर्ड/डिपिएस बोर्ड/ग्लो | | ५०।- |

| | | | |
|---|---|---|---|
| | ख. भित्ते लेखन | | २५।- |
| | ग. तुल ब्यानर | २०।- | |
| २. | होटल तथा व्यापार व्यवसायको प्रवर्द्धन र सवारी साधन | | |
| | क. होर्डिङ्गबोर्ड/डिपिएस बोर्ड/ग्लो | | ४०।- |
| | ख. भित्ते लेखन | | १५।- |
| | ग. तुल ब्यानर | १५।- | |

समय समयमा हुने महोत्सव र मेलामा आयोजकसंग कुल व्यापारबाट भएको आम्दानीको १५% रकम असूल गरिनेछ ।

## नक्सा पास, निवेदन तथा सिफारिस दस्तुर

| क.सं. | विवरण | आ.व २०७५।७६ रु. |
|---|---|---|
| १. | नक्सा पास गर्दा पक्की भुइ तल्लेको प्लिन्थ एरियाको प्रति वर्ग फिट | २।५० |
| २. | नक्सा पास गर्दा पक्की एक तल्लेको प्लिन्थ एरियाको प्रति वर्ग फिट | ३।- |
| ३. | नक्सा पास गर्दा पक्की दुई तल्लेको प्लिन्थ एरियाको प्रति वर्ग फिट | ३।५० |
| ४. | पक्की खपडा घर प्रति वर्ग फिट | १।५० |
| ५. | कच्ची खपडाको टिना टायल घर ईजाजत दस्तुर | २५०।- |
| ६. | फुसको घरको इजाजत दस्तुर | २००।- |
| ७. | कम्पाउण्ड वाल प्रति वर्ग फिट | १।५० |
| ८. | अन्य नक्सा सम्बन्धी कागजात प्रतिलिपी दस्तुर | १००।- |
| ९. | घर नक्साको प्रतिलिपी दस्तुर | २१०।- |
| १०. | प्राविधिक शुल्क | १०००।- |
| ११. | नक्सा कितावलाई | ३००।- |
| १२. | निर्माण सम्पन्न प्रमाणपत्र | ४००।- |
| १३. | घर बाटो सिफारिस १ कित्ता सम्म र सो भन्दा माथि प्रति कित्ता रु. ५०।- थप | २००।- |
| १४. | व्यवसाय प्रमाणपत्रको प्रतिलिपी माग गर्दा | २००।- |
| १५. | नाता प्रमाणित सिफारिस दस्तुर | २००।- |
| १६. | नामसारी सिफारिस दस्तुर | ६००।- |
| १७. | मोहि लगत कट्टाको सिफारिस | ७००।- |
| १८. | ३५ दिन पछि दाखा गराउन आउदा जरिवाना | १००।- |
| १९. | उद्योग स्थापना सिफारिस (ठुलोलाई) | ५००।- |
| २० | उद्योग स्थापना सिफारिस (सानोलाई) | ३००।- |
| २१. | चार किल्ला प्रमाणित दस्तुर १ कित्ता सम्म | १००।- |
| २२. | १ कित्ता माथि प्रति कित्ता रु. ५०।- बढीमा | ५०।- |
| २३. | विद्युत तथा खानेपानी सिफारिस दस्तुर | २००।- |
| २४. | दाखा दस्तुर | २००।- |
| २५. | नागरिकता सिफारिस तथा प्रतिलिपी | १५०।- |
| २६. | वैवाहिक अंगिकृत नागरिकता सिफारिस | २५०।- |
| २७. | धरजग्गा मूल्यांकन दस्तुर प्रति हजार | २।५० |
| २८. | राहदानी सिफारिस दस्तुर | ४००।- |
| २९. | आयश्रोत प्रमाणित प्रति १ लाखमा | ३००।- |
| ३०. | छुटफुट अन्य सिफारिस | २००।- |

| | | |
|---|---|---|
| ३१. | लालपुर्जा प्रतिलिपी सिफारिस | २००।- |
| ३२. | लालपुर्जा फोटो टाँस सिफारिस तीनपुस्ते सहित | २००।- |
| ३३. | छुट जग्गाको सिफारिस गर्दा | २००।- |
| ३४. | अंग्रेजी सिफारिस दस्तुर नेपाली भन्दा दोब्बर | ४००।- |
| ३५. | योजना कार्य सम्पन्न सिफारिस (कार्यक्रम बाहेकको हकमा)<br>१. रु. ५ लाखसम्मको<br>२. रु. १० लाखसम्मको<br>३. रु. २० लाखसम्मको<br>४. रु. ३० लाखसम्मको<br>५. रु. ४० लाखसम्मको | <br>५००।-<br>१०००।-<br>२०००।-<br>३०००।-<br>४०००।- |
| ३६. | उजुरी दर्ता | २००।- |
| ३७. | प्राविधिक सेवा शुल्क अमिन लगायत | १०००।- |
| ३८. | जडिबुटी निकासी शुल्क प्रति के.जी. | -।५० |
| ३९. | दलहन, तेलहन प्रति के.जी. | -।४० |

प्रस्ताव नं. ५ विनियोजन ऐन २०७५ सम्बन्धमा।

निर्णय:- प्रस्तुत प्रस्ताव माथि छलफल गर्दा आगामी आ.व. ०७५/०७६ को लागि तपसिल बमोजिमको आय व्यय अनुमान गरि स्वीकृतिको लागि गाउँ सभामा पेश गर्ने निर्णय गरियो।

अनुमानित आय विवरण

| | | |
|---|---|---|
| (१) संघीय सरकार सशर्त अनुदान | — | रु. २१,६५,००,०००/- |
| (२) " " वित्तिय समानिकरण " | — | रु ११,९८,००,०००/- |
| (३) " " राजस्व बाँडफाँट " | — | रु. ९,२८,९५,०००/- |
| (४) प्रदेश " सशर्त अनुदान | — | रु २,०२,८०,०००/- |
| (५) " " वित्तिय समानिकरण | — | रु ८२,१०,०००/- |
| (६) बैंक मौज्दात | — | रु ३,००,००,०००/- |
| (७) आन्तरिक आय | — | रु ५०,००,०००/- |
| (८) सामाजिक सुरक्षा भत्ता | — | रु. ७,००,००,०००/- |
| | जम्मा- | रु ५६,२६,८५,०००/- |

अनुमानित व्यय विवरण

| | | |
|---|---|---|
| (१) सशर्त अनुदान | — | रु २३,६७,८०,०००/- |
| (२) सामाजिक सुरक्षा भत्ता | — | रु ७,००,००,०००/- |
| (३) चालु खर्च | — | रु ७,००,००,०००/- |
| (४) पूँजीगत कार्यक्रम खर्च | — | रु १८,५३,०५,०००/- |
| | जम्मा- | रु ५६,२६,८५,०००/- |

प्रस्ताव नं. ६ पावर ट्रिलर/मिनि ट्रिलर खरिद सम्बन्धमा।

निर्णय:- प्रस्तुत प्रस्ताव माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकाको कृषि विकास शाखाको पावर ट्रिलर/मिनि ट्रिलर खरिद गरी ५०% अनुदानमा कृषकलाई वितरण गर्ने कार्यक्रम रहेकोमा कार्यालयले उक्त सामान ~~गरी~~ खरिद गर्ने समय अभाव भएकोले तपसिलका व्यक्ति वा संस्थालाई उक्त सामान खरिद गरी सक्कल बिल भरपाई पेश गरे पश्चात ५०% रकम उपलब्ध गराउने गरी छनौट गरियो।

तपसिल

| सि.नं. | नाम | वडा नं. | सामानको नाम |
|---|---|---|---|
| १. | गोविन्द बहादुर स्याउली | ५ | मिनि ट्रिलर |
| २. | भगवती पुलामी | ५ | " " |
| ३. | अम्बर बहादुर बिष्ट | ५ | " " |
| ४. | जराबोटर कृषि सहकारी | ५ | पावर ट्रिलर |

तीनपाटन गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, ... सिन्धुली, ... प्रदेश, नेपाल, २०७३

| सि.नं. | नामथर | वडा नं. | सामानको नाम |
|---|---|---|---|
| ५. | दँगौली कृषि सहकारी | १० | मिनि टि्लर |
| ६. | छाब्रे सिकारीडाँडा गरिबी निवारण समूह | १० | " |
| ७. | कृषक महिला समूह बाङरिङ | १० | " |
| ८. | धाडाड कृषि समूह | १० | पावरटि्लर |
| ९. | सोम कुमारी रम्तेली | ११ | " " |
| १०. | जीवन श्रेष्ठ | ११ | मिनि टि्लर |
| ११. | लोकव बहादुर थापा | ११ | " " |
| १२. | टिका बहादुर कार्की | ११ | " " |
| १३. | धमान घर्ती मगर | ११ | " " |
| १४. | राम प्रसाद गौतम | १० | " " |
| १५. | रामेश्वर श्रेष्ठ | २ | पावर टि्लर |
| १६. | ~~सुनिता राउत~~ डोर प्रसाद डाफले | ११ | " " |

प्रस्ताव नं. ७ माछा पोखरी अनुदान सम्बन्धमा।

प्रस्तुत प्रस्ताव माथी छलफल गर्दा कृषि विकास शाखा अन्तर्गतको माछा पोखरी निर्माण कार्यको लागि प्रति कठ्ठा रु १०,०००।- दश हजार मात्र कृषकहरुलाई अनुदान दिने स्वीकृत कार्यक्रम अन्तर्गत तपशिलका कृषकहरुलाई छनौट गर्ने निर्णय गरियो।

(क) हेमपूर्ण श्रेष्ठ, तीनपाटन-३ २ कठ्ठा
(ख) रामबहादुर वाराकोटी " - ४ ४ कठ्ठा
(ग) कर्ण बहादुर तामाङ " - १० ४½ "
(घ) कौशल व नेवपाणि " - ७ २ "
(ङ) मुकुन्दराज राना " - ५ ४½ "
(च) तारानाथ अधिकारी " - ७ १ "
(छ) टेकेन्द्र घुमेछान " - १ २ "

प्रस्ताव नं. ८ शिक्षा शाखा संचालन खर्च सम्बन्धमा।

प्रस्तुत प्रस्ताव माथी छलफल गर्दा यस तीनपाटन गाउँपालिकाको शिक्षा शाखालाई संचालन खर्चको लागि रु.१,६८,०००।- एक लाख अठ-सट्ठी हजार मात्र विनियोजन गर्ने र उक्त रकम सि.नं. ५७ मा विनियोजित तार जाली पोल सिमेन्ट होमपाइप खानेपानी पाइप खरिदमा विनियोजित रकम रु ३०,०००००।- तीस लाख मध्येबाट खर्च गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ९ सामुदायिक सिकाई केन्द्र छनौट गर्ने सम्बन्धमा।

निर्णय नं ९ प्रस्तुत प्रस्ताव माथी छलफल गर्दा सामुदायिक सिकाई केन्द्रहरु मध्येबाट १ वटा सामुदायिक सिकाई केन्द्रलाई ICT पुस्तकालय सहितको शैक्षिक सूचना केन्द्र बनाउन विनियोजित रकमबाट उक्त कार्यको लागि, तीनपाटन-५ मा अवस्थित सुप्रभात सामुदायिक सिकाई केन्द्रलाई छनौट गर्ने निर्णय गरियो।

तीनपाटन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रदेश, नेपाल
२०७३

प्रस्ताव नं. १० :- कृषि शाखाको विनियोजित बजेट सम्बन्धमा ।

निर्णय:- प्रस्तुत प्रस्ताव माथी छलफल गर्दा आ.व. ०७४/०७५ को कृषि शाखाको स्वीकृत र संशोधित गाउँ सभाबाट पावर ट्रिलर खरीद गरी ५०% अनुदानमा कृषकहरुलाई वितरण गर्ने ५ वटाको रु. ४,५०,०००/- र मिनि टिलर ९ वटाको रु २,६२,५००/- स्वीकृत भएकोमा पावर ट्रिलर र मिनी टिलरको मूल्यमा गिरावट आएको र मिनी टिलरको थप माग समेत कृषकहरुबाट भई आएकोले उक्त रकमबाट थप ३ वटा मिनि टिलर खरीद गरी ५०% अनुदानमा कृषकहरुलाई वितरण गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ११ आकस्मिक कोष सम्बन्धमा ।

निर्णय:- प्रस्तुत प्रस्ताव माथी छलफल गर्दा world vision international नेपालको आर्थिक सहयोगमा संचालित कार्यक्रम अन्तर्गत सिड्स नेपाल सिन्धुलीलाई यस गाउँपालिकाको आकस्मिक कोषको लागि आर्थिक सहयोग माग गर्ने निर्णय गरियो ।